## किन्डर्गाटन शिक्षाबारे सामान्य जानकारी



हङकङमा तीन देखि छ वर्ष बीचका बालबालिकाहरूले किन्डर्गाटनहरूमा किन्डर्गाटन शिक्षा पाउन सक्छन् ।

किन्डर्गाटन शिक्षाको लक्ष्य बालबालिकालाई पूर्ण व्यक्तिको रूपमा विकास गर्नु र उनीहरूको भविष्यको सिकाइको लागि जग खडा गर्नको लागि सकारात्मक तरिकामा उनीहरूलाई सिक्ने रुचिमा उत्साह दिने हो ।

किन्डर्गाटनहरू शिक्षा अध्यादेश (Education Ordinance) अनुरूप शि.वि.(EDB) मा दर्ता गर्नुपर्दछ । तिनीहरू मध्ये केहीमा तीन वर्षभन्दा मुनिका बालबालिकालाई हेरचाह उपलब्ध गराउन शिशु स्याहार केन्द्र (child care centre) पनि संलग्न हुन्छन् ।

हाल हङकङमा निजी श्रोतबाट संचालित करिब 1,000 वटा किन्डर्गाटनहरू र किन्डर्गाटन बाल स्याहार केन्द्रहरू छन् । यिनीहरूलाई गैरनाफामूलक र स्वतन्त्ररूपले संचालित संस्थाको रूपमा विभाजन गरिएको छ ।

किन्डर्गाटनहरू स्थानीय र अन्तराष्ट्रिय पाठ्यक्रमअनुसार चल्न सक्छन् । यस्ता किन्डर्गाटनहरू आधा दिन तथा पूरा दिन संचालन हुन्छन । अभिभावकहरूले आफ्नो इच्छाअनुसार यस्ता विद्यालयहरू छनौट गर्न सक्छन् ।

अभिभावकहरूले शिशुकक्षामा भर्ना आफैले खोज्नुपर्दछ ।

शैक्षिक वर्ष 2003/04 देखि सबै शिशुकक्षाहरूमा विद्यार्थी र शिक्षकको अनुपात 1:15 हुनुपर्दछ जसलै गर्दा शिक्षकहरूले बालबालिकाको व्यक्तिगत आवश्यकता तथा विकासमा प्रशस्त ध्यान दिन सक्छन् ।



## पूर्व-प्राथमिक शिक्षा भौचर (पीइभीएस)

कार्यकारी प्रमुखले आफ्नो 2006/07 सम्बोधनमा नीति घोषणा गरेका छन् कि सन् 2007/08 विद्यालय वर्ष देखि सुरू हुने गरी अनुदान दिइएको वार्षिक शुल्क "शिक्षा भौचर" को रूपमा तीनदेखि छ वर्षसम्मका बालबालिकाको अभिभावकहरूलाई प्रदान गरिनेछ । शैक्षिक सत्र 2012/13 देखि लागु हुने गरी भौचरको मूल्य वार्षिक रूपमा कम्पोजिट कन्जुमर प्राइस इन्डेक्सअनुसार तय गरिनेछ ।

पीइभीएसको लागि योग्यताको प्रमाणपत्र भएका विद्यार्थीले अनुदानको शुल्क प्राप्त गर्न सक्छ, जब पीइभीएसको लागि योग्य किन्डर्गाटनमा उपयुक्त कक्षामा सहभागी हुन्छ ।

विस्तृत जानकारी इडीबीको होमपेजमा उपलब्ध छः
http://www.edb.gov.hk/pre-primary_e

ह्ङकङमा भएका बालबालिकाहरू कमजोर आर्थिक अवस्थाको कारण किन्डर्गाटन शिक्षाबाट वञ्चित हुनेछैन । उनीहरूको राष्ट्रियता वास्ता नगरी यस्ता शिशुहरूका अभिभावक वर्गले तथा जरुरतमन्द परिवारहरूले आवश्यक परेको खण्डमा पिईभीएसको शुल्क अनुदान माथि अतिरिक्त शुल्क छुटको निम्ति किन्डर्गाटन अनि शिशु स्याहार केन्द्र शुल्क छुट योजना अन्तर्गत शुल्क छुटको निम्ति आवेदन गर्न सक्छन् ।

किन्डर्गाटन तथा शिशु स्याहार केन्द्र (Kindergartens and Child Care Centre) शुल्क छुट प्रणाली

सोधपुछ नं:2154 2130

वेबसाइटः : http://www.sfaa.gov.hk/eng/schemes/kinder.htm







## शिशुकक्षा र शिशुको साथमा बाल स्याहार केन्द्र रूपरेखा

(Website: www.chsc.hk/kindergarten)

शि.वि. (EDB) ले प्रत्येक वर्ष अभिभावकहरूलाई शिशुकक्षा र शिशुकक्षा तथा बालस्याहार केन्द्रको बारेमा जानकारी प्राप्त गर्न सक्षम गराउने मनसायले दुईवटा भाषा (चाइनिज र अङ्ग्रेजी) मा "शिशुकक्षा र शिशुकक्षा तथा बालस्याहार केन्द्रहरूको रुपरेखा"(Profile of Kindergartens and Kindergarten-cum-Child Care Centres) प्रकाशित गर्दछ । अभिभावकहरूले आफ्ना बालबालिकाहरूको शिशुकक्षाको छनौट गर्दा विभिन्न जानकारीहरूको लागि उक्त रूपरेखा प्रयोग गर्न सक्छन् ।

यस्ता रूपरेखामा स्वीकृत विद्यालय शुल्क, शिक्षकहरूको योग्यता, विद्यालयको दर्ता नम्बर जस्ता सूचनाहरू समावेश गरिएका हुन्छन् ।

रूपरेखाका छापिएका प्रतिहरू अभिभावकहरूको सन्दर्भ सामग्रीको लागि शि.वि. (EDB) को क्षेत्रिय शिक्षा कार्यालयहरू (Regional Education Offices) मा, मातृ तथा शिशु स्वास्थ्य केन्द्र विभाग (Department of Health Maternal and Child Health Centres) र एकिकृत पारिवारिक सेवा केन्द्रहरूका सामाजिक कल्याण विभागहरूमा पनि उपलब्ध छन् ।

गैरस्थानीय पाठ्यक्रमलाई अपनाउने शिशुकक्षाहरू/शिशुकक्षाको साथमा बाल स्याहार केन्द्रहरूको सूची इडीबीको वेबसाइट



http://www.edb.gov.hk/ncs मा उपलब्ध छन् । (उपयोगी विद्यालयहरूको सूची "सम्बन्धित शीर्षक" भन्ने उपशीर्षकमा छ)

किन्डर्गाटन शिक्षाको लागि सोधपुछ गर्न अभिभावकहरूले किन्डर्गाटन र बाल स्याहार केन्द्रको सङ्युक्त कार्यालयमा वा सम्बन्धित शि.वि. (EDB) को विद्यालय विकास शाखामा सम्पर्क राख्न सक्छन्, फोन नम्वरहरूको सूची पेज 14 मा उल्लेख छ ।

